बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा

पत्र संख्या : २०७९/०८०
च. नं. :

Website : www.barpaksulikotmun.gov.np
Email : barpaksulikotrm@gmail.com

मितिः २०७९/०५/२२

शिक्षक आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०५/२२

प्रस्तुत बिषयमा यस बारपाक सुलिकोट गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा रिक्त रहेको प्राथमिक तहको स्वीकृत दरबन्दीमा खुला प्रतिस्पर्धाबाट शिक्षक पद पूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	विज्ञापन नं.	पद	तह	श्रेणी	पद संख्या	दरखास्त दस्तुर
१	०३-२०७९/०८० (शिक्षा)	शिक्षक	प्राथमिक	तृतीय	५	५००/-

१. न्यूनतम शैक्षिक योग्यताः नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा बिषयमा प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको।
२. उमेरः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
३. दरखास्त दिने तरीकाः तोकिएको शुल्क ग्लोबल आइ.एम.इ.बैंक, सुलिकोट शाखामा रहेको बारपाक सुलिकोट गाउँपालिकाको आन्तरिक राजश्व खाता नं Q504010000010 मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगद बुझाएको रसिद संलग्न गरी तोकिएको दरखास्त फाराम र आवश्यक कागजातहरु कार्यालयमा दर्ता गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने वा barpaksulikotrm@gmail.com मा इमेल गर्ने।
४. दरखास्त दिने अन्तिम मितिः २०७९/०६/०५ गते कार्यालय समय भित्र।
५. दरखास्तसंगै पेश गर्नु पर्ने कागजातहरुः आवेदक स्वयंले प्रमाणित गरेका देहायका कागजातहरुको प्रतिलिपि
   क) नागरिकता ख) शैक्षिक योग्यताको लब्धांक पत्र
   ग) चारित्रिक प्रमाण पत्र घ) अध्यापन अनुमति पत्र
   ङ) तालिमको प्रमाणपत्र च) सम्बन्धित क्षेत्रमा प्राप्त अनुभव सम्बन्धी पत्र
६. परीक्षाको किसिमः सामान्य, बिषयगत र अन्तर्वार्ता
७. सम्पर्क मितिः २०७९/०६/०६

दरखास्त फाराम शिक्षा, युवा तथा खेलकुद शाखा वा बारपाक सुलिकोट गाउँपालिकाको website www.barpaksulikotmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

बसन्त राज भट्ट
शिक्षा अधिकृत
बसन्तराज भट्ट
अधिकृत छैठौं, शिक्षा प्रशा

CamScanner